# महान्यायाधिवक्ताको कार्यालय

नेपाल प्रशासन

(.................................... शाखा)

रामशाहपथ, काठमाडौं

पत्र संख्या :- २०७७/७८

चलानी नं. :- ८४

मिति :- २०७७/०४/०९

विषय:- वैदेशिक अध्ययन/तालिम छात्रवृत्ति सम्वन्धमा ।

श्री उच्च सरकारी वकील कार्यालय, सबै।
श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं।
श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

उपर्युक्त सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २८ मिति २०७७/०४/०५ को पत्र यसै साथ संलग्न छ। तत् सम्वन्धमा **"Master's Degreee Program in Public Management and Public Sector Reforms"** विषयमा सन् २०२० डिसेम्वर २१ देखि सन् २०२२ जुन ३० सम्म हुने दक्षिण कोरियाको Seoul National University मा हुने अध्ययन कार्यक्रममा तहाँ कार्यालयमा कार्यरत योग्यता पुगेका इच्छुक कर्मचारीहरुले ३ दिनभित्र निवेदन पेश गर्नु हुन आदेशानुसार अनुरोध छ।

२०७७/०४/०९

(हरिहर निमिलिगना)
सहायक न्यायाधिवक्ता

E:\आ.व. २०७७।७८\विविध\पत्र.docx

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:- ०७७/७८

चलानी नं.:- २८

मिति २०७७/०४/०५

विषय:-वैदेशिक अध्ययन/तालीम छात्रवृत्तिमा मनोनयन गर्ने सम्वन्धमा।

श्री सवै निकाय।

तपशील अनुसारको अध्ययन तालिम कार्यक्रममा तहाँबाट मनोनयन गर्ने गरी निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ४० ख को उपदफा गठित समितिको बमोजिम (३) वैठकबाट मिति २०७७/०४/०४ मा निर्णय भएकोले उक्त कार्यक्रममा उपयुक्त उम्मेद्वार मनोनयन गरी **मनोनित कर्मचारीको नाम, सम्पर्क नं. र ईमेल ठेगाना** आवश्यक कार्यार्थ अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा पठाउनुहुन तथा मनोनयन गरिएको **कर्मचारीको संकेत नं. समेत उल्लेख गरी सोको जानकारी यस मन्त्रालयमा समेत अनिवार्य** रुपमा उपलब्ध गराउने व्यवस्था हुन आवश्यक कार्यार्थ पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

साथै, तालिम तथा अध्ययन कार्यक्रममा उम्मेद्वार मनोनयन गर्दा कार्यक्रमसँग असम्वन्धित व्यक्तिको मनोनयन भई सम्वन्धित संस्थाबाट कन्फर्मेशन नआएमा सो निकायलाई २ पटकसम्म छात्रवृत्तिमा समावेश नगर्ने भनी निर्णय भएको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

छात्रवृत्तिको मनोनयनमा सम्वन्धित **सेवा, समूह र श्रेणीभित्रका समावेशी महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र तथा हालसम्म अवसर नपाएका र दुर्गममा सबभन्दा बढी समय काम गरेका आधारमा साथै योग्यता पुगेका सहायक** स्तरका कर्मचारीहरुलाई समेत प्राथमिकता दिई मनोनयन गर्नुहुन अनुरोध छ ।

तपशिल:

| क्र. सं. | अध्ययन/तालीम/ अध्ययन भ्रमण सेमिनारको विषय | सिट संख्या | कार्यक्रमको अवधिफाराम भर्ने / अन्तिम मिति | अवसर प्रदान गर्ने निकाय / कार्यक्रम संचालन हुने मुलुक | आवश्यक योग्यताअन्य प्रासंगिक / व्यहोरा | अध्ययन/तालीम वितरण गरिएकानिकाय/ निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|---|
| १. | "Master's Degree Program in Public Management and Public Sector Reforms" | 4 (Four) | December 21, 2020- June 30, 2022 / August 05, 2020 | Korea/ Seoul National University | • Be officially nominated by the government.<br>• Be a government employee with 2years of experience in the field of study.<br>• Be under age of 40 as of February 1, 2020<br>• Be in good health, both physically and mentally<br>• Have a completed Bachelor Degree or an equivalent.<br>• Have a good command of both spoken and written English.<br>• Not be a person who has withdrawn KOICA Scholarship before. | सवै निकायलाई खुल्ला गर्ने । |

२०७७/०४/०५

(प्रवीण कोइराला)
शाखा अधिकृत